नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौं ।

**नयाँ भर्ना सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०७/१७ गते ।**

नेपाल प्रहरीमा **प्राविधिक** प्रहरी समूह अन्तर्गत विभिन्न **उपसमूह** तर्फ रिक्त रहेका निम्न बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट Online दरखास्त आव्हान गरिन्छ । दरखास्त दिने उम्मेदवारहरूले नेपाल प्रहरीको Online Recruitment Management System (ORMS) मार्फत Online दरखास्त दिनु पर्नेछ । Online बाट दरखास्त फाराम भर्न नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* को Career भित्र Online Application वा *https://careers.nepalpolice.gov.np* बाट भर्न सकिनेछ ।

## १. आवश्यक माग पद संख्या:-

| क्र.सं. | विज्ञापन नं. | पद/उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| **संचार निर्देशनालय तर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | ०३ (०८०/८१) | प्रा.प्र.नि. (संचार) | १ | - | - | १ | - | - | - | **२** |
| २. | ०४ (०८०/८१) | प्रा.प्र.ना.नि. (संचार) | ३ | - | १ | - | १ | - | - | **५** |
| ३. | ०५ (०८०/८१) | प्रा.प्र.स.नि. (संचार) | १५ | - | ३ | ४ | ४ | २ | - | **२८** |
| **सूचना प्रविधि निर्देशनालय तर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | ०६ (०८०/८१) | प्रा.प्र.नि. (सूचना प्रविधि/कम्प्युटर) | १ | - | - | - | १ | - | - | **२** |
| २. | ०७ (०८०/८१) | प्रा.प्र.ना.नि. (सूचना प्रविधि/कम्प्युटर) | ३ | - | - | २ | २ | - | - | **७** |
| ३. | ०८ (०८०/८१) | प्रा.प्र.स.नि. (सूचना प्रविधि/कम्प्युटर) | ४ | - | १ | १ | १ | - | - | **७** |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | ०९ (०८०/८१) | प्रा.प्र.नि. (सिभिल इन्जिनियर) | १ | - | १ | - | - | - | - | **२** |
| २. | १० (०८०/८१) | प्रा.प्र.ना.नि. (ईलेक्ट्रिकल) | १ | - | - | - | - | - | - | **१** |
| ३. | ११ (०८०/८१) | प्रा.प्र.ना.नि. (सर्भे) | - | - | - | १ | - | - | - | **१** |
| ४. | १२ (०८०/८१) | प्रा.प्र.ना.नि. (स्यानेटरी) | १ | - | - | - | - | - | - | **१** |
| ५. | १३ (०८०/८१) | प्रा.प्र.ना.नि. (सिभिल) | २ | - | - | - | - | १ | - | **३** |
| **सवारी महाशाखा तर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | १४ (०८०/८१) | प्रा.प्र.स.नि. (अटोमोबाईल) | २ | - | - | १ | १ | - | - | **४** |
| **नेपाल प्रहरी केनाईन कार्यालय तर्फ (उपसमूहः केनाईन)** | | | | | | | | | | |
| १. | १५ (०८०/८१) | प्रा.प्र.स.नि. (भेटेरिनरी) | १ | - | १ | - | १ | - | - | **३** |
| **हातहतियार मर्मत शाखा तर्फ (उपसमूहः हातहतियार)** | | | | | | | | | | |
| १. | १६ (०८०/८१) | प्रा.प्र.स.नि. (हातहतियार) | १ | - | - | - | - | - | - | **१** |
| **नेपाल प्रहरी अस्पताल तर्फ (उपसमूहः स्वास्थ्य)** | | | | | | | | | | |
| १. | १७ (०८०/८१) | प्रा.प्र.नि. (मेडिकल अफिसर एम.बि.बि.एस.) | १६ | - | ३ | ४ | २ | २ | १ | **२८** |
| २. | १८ (०८०/८१) | प्रा.प्र.नि. (अस्पताल व्यवस्थापन अधिकृत) | १ | - | - | - | - | - | - | **१** |
| ३. | १९ (०८०/८१) | प्रा.प्र.ना.नि. (स्टाफ नर्स) | ७ | - | २ | १ | २ | १ | - | **१३** |
| ४. | २० (०८०/८१) | प्रा.प्र.ना.नि. (फिजियोथेरापी) | १ | - | - | १ | - | - | - | **२** |
| ५. | २१ (०८०/८१) | प्रा.प्र.ना.नि. (फार्मेसी असिस्टेन्ट) | १ | - | - | - | १ | - | - | **२** |
| ६. | २२ (०८०/८१) | प्रा.प्र.स.नि. (ल्याब असिस्टेन्ट) | ३ | - | - | १ | - | - | - | **४** |
| ७. | २३ (०८०/८१) | प्रा.प्र.स.नि. (सि.एम.ए.) | ४ | - | - | १ | १ | - | - | **६** |
| ८. | २४ (०८०/८१) | प्रा.प्र.स.नि. (ए.एन.एम.) | ३ | - | - | १ | १ | - | - | **५** |

२. <u>दरखास्त दर्ता मितिः</u>- २०८०/०८/०४ गतेदेखि २०८०/०९/०८ गतेसम्म ।

### ३. Online दरखास्त संकलन तथा दर्ता हुने स्थानहरू:-

<table>
<tr><th>क्र.सं.</th><th>पद/उपसमूह</th><th colspan="2">दरखास्त संकलन तथा दर्ता हुने स्थान</th></tr>
<tr><td>१.</td><td>इन्जिनियरिङ उपसमूह तर्फ संचार निर्देशनालय अन्तर्गतका पदहरु</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, संचार निर्देशनालय, नक्साल काठमाण्डौ ।<br>(सम्पर्क नम्बरः ०१-४४१२६०३)</td><td rowspan="7">• कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर (सम्पर्क नम्बरः ०२१-४३५७२२, ९८५२०९०१८०)<br>• मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर (सम्पर्क नम्बरः ०४१-५९००११, ९८५४०२९७४२, ९८५४०२९७४१)<br>• बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा (सम्पर्क नम्बरः ०५७-५२१४९९)<br>• गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा (सम्पर्क नम्बरः ०६१-४६२५००, ९८५६०२८४३३)<br>• लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ (सम्पर्क नम्बरः ०८२-५२३४१०, ९८५७८२५४१०)<br>• कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत (सम्पर्क नम्बरः ०८३-५२०८११)<br>• सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी (सम्पर्क नम्बरः ०९१-५२४९९८, ९८५८४२००५८)</td></tr>
<tr><td>२.</td><td>इन्जिनियरिङ उपसमूह तर्फ सूचना प्रविधि निर्देशनालय अन्तर्गतका पदहरु</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय, नक्साल काठमाण्डौ ।<br>(सम्पर्क नम्बरः ०१-४४११२१० Ext. ३४८)</td></tr>
<tr><td>३.</td><td>इन्जिनियरिङ उपसमूह तर्फ भौतिक पूर्वाधार निर्देशनालय अन्तर्गतका पदहरु</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, भौतिक पूर्वाधार निर्देशनालय, नक्साल काठमाण्डौ ।<br>(सम्पर्क नम्बरः ०१-४४११२१० Ext. ५७९)</td></tr>
<tr><td>४.</td><td>इन्जिनियरिङ उपसमूह तर्फ सवारी महाशाखा अन्तर्गतका पद</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, सवारी महाशाखा, नक्साल काठमाण्डौ ।<br>(सम्पर्क नम्बरः ०१-४४११२१० Ext. ६४४)</td></tr>
<tr><td>५.</td><td>केनाईन उपसमूह तर्फ नेपाल प्रहरी केनाईन कार्यालय अन्तर्गतका पद</td><td>नेपाल प्रहरी केनाईन कार्यालय, सामाखुशी, काठमाण्डौ ।<br>(सम्पर्क नम्बरः ०१-४५१७०२२)</td></tr>
<tr><td>६.</td><td>हातहतियार (आरमर) उपसमूह तर्फ हातहतियार मर्मत शाखा अन्तर्गतका पद</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, हातहतियार मर्मत शाखा, नक्साल काठमाण्डौं ।<br>(सम्पर्क नम्बरः ०१-४४११२१० Ext. ४५५)</td></tr>
<tr><td>७.</td><td>स्वास्थ्य उपसमूह तर्फ नेपाल प्रहरी अस्पताल अन्तर्गतका पदहरु</td><td>नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौं ।<br>(सम्पर्क नम्बरः ०१-४५१२४३०, ४५१२५३०)</td></tr>
</table>

### ४. दरखास्त दस्तुर (राजस्व):-

| क्र.सं. | पद | दस्तुर (राजस्व) |
|---|---|---|
| १. | प्राविधिक प्रहरी निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.१२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२४०।-) का दरले थप दस्तुर लाग्नेछ । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.७००।- (सात सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.१४०।-) का दरले थप दस्तुर लाग्नेछ । |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.५००।- (पाँच सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.१००।-) का दरले थप दस्तुर लाग्नेछ । |

### ५. उमेर हदः-

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १. | प्राविधिक प्रहरी निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुरा भई ३२ वर्ष ननाघेको । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ३० वर्ष ननाघेको । |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई २८ वर्ष ननाघेको । |

**<u>पुनश्च:</u>** प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र आधारभूत तालिम लिएको हुनु पर्नेछ ।

### ६. आवश्यक न्यूनतम योग्यता:-

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | • प्राविधिक प्रहरी निरीक्षक,<br>• प्राविधिक प्रहरी नायव निरीक्षक र<br>• प्राविधिक प्रहरी सहायक निरीक्षक | १. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>२. मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>३. राजनीतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>५. उचाई, छाती र तौलः<br>(क) **पुरुष**-उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. |

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| | | (ख) **महिला**-उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>८. नेपाली नागरिक। |
| **संचार निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (संचार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/ Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (संचार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/ Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा डिप्लोमा/प्रविणता प्रमाणपत्र तह उत्तीर्ण भएको। |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (संचार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी सम्बन्धित बिषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/ Electronics/ Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा कम्तिमा १८ (अठार) महिना कोर्ष पुरा गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्वन्धित बिषयमा मान्यता प्राप्त संस्थाबाट ३ (तीन) महिनाको तालिम प्राप्त गरेको वा सो सरहको उपाधि हासिल गरेको। |
| **सूचना प्रविधि निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा इन्जिनियरिङ (Bachelor of Computer Engineering वा Software Engineering वा IT Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको वा सम्बन्धित विषयमा कम्तीमा स्नातक (BSc CSIT वा BIT वा BCA वा सो सरह) तह उत्तीर्ण गरी सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ६ महिना सर्टिफाइड तालिम प्राप्त गरेको। |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा इन्जिनियरिङ डिप्लोमा गरेको। |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ३ महिनाको तालिम प्राप्त गरेको। |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सिभिल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in Civil Engineering वा सो सरहको योग्यता भएको र सम्बन्धित Engineering Council मा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (ईलेक्ट्रिकल) | मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ (तिन) बर्षे Diploma in Electrical Engineering वा Electrical Engineering विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको योग्यता भएको। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक (सर्भे) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको। |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (स्यानेटरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ (तिन) बर्षे Diploma in Civil or Sanitary Engineering वा Civil or Sanitary Engineering विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको योग्यता भएको। |
| ५. | प्राविधिक प्रहरी नायव निरीक्षक (सिभिल) | मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ (तिन) बर्षे Diploma in Civil Engineering वा Civil Engineering विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको योग्यता भएको। |
| **सवारी महाशाखा तर्फ** | | |
| १. | प्राविधिक प्रहरी सहायक निरीक्षक (अटोमोबाईल) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको वा SLC/SEE उत्तीर्ण भई प्राविधिक शिक्षा तथा व्यावसाहिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित बिषयमा ३ बर्ष तालिम प्राप्त गरेको। |

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| **नेपाल प्रहरी केनाईन कार्यालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी सहायक निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा भेटेरिनरी विषयमा जे.टि.ए. वा सो सरह उत्तीर्ण गरेको। |
| **हातहतियार मर्मत शाखा तर्फ** | | |
| १. | प्राविधिक प्रहरी सहायक निरीक्षक (हातहतियार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी १८ महिनाको General Mechanics कोर्ष पूरा गरेको वा सो सरहको योग्यता हासिल गरेको। |
| **नेपाल प्रहरी अस्पताल तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (मेडिकल अफिसर एम.बि.बि.एस.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल परिषदमा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी निरीक्षक (अस्पताल व्यवस्थापन अधिकृत) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवा व्यवस्थापन (Healthcare Management) विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरेको। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक (स्टार्फ नर्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा न्यूनतम प्रमाण पत्र तह वा सो सरहको उपाधि उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको। |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (फिजियोथेरापी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ५. | प्राविधिक प्रहरी नायव निरीक्षक (फार्मेसी असिस्टेन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाण पत्र तह वा सो सरहको उपाधि उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ६. | प्राविधिक प्रहरी सहायक निरीक्षक (ल्याव असिष्टेन्ट) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव सहायक (Lab Assistant) वा सो सरहको उपाधि उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ७. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सि.एम.ए.) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १५ महिना सि.एम.ए. वा सो सरहको उपाधि उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ८. | प्राविधिक प्रहरी सहायक निरीक्षक (ए.एन.एम.) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १५ महिना ए.एन.एम. वा सो सरहको उपाधि उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-**

(क) नेपाली नागरिकताको प्रमाण पत्र।

(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने ORMS को आवश्यकता अनुसारको रेजुलेशन तथा साइज अनुरूपको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको)।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र।

(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्र।

(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरीकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनु पर्ने। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरीकता लिएको भएमा नागरीकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र।

**नोटः-** दरखास्त दिने उम्मेदवारले विज्ञापनमा तोकिए बमोजिमका कागजातहरू ORMS प्रणालीले तोकिए बमोजिम PDF Format मा अपलोड गर्नुपर्नेछ। साथै उम्मेदवारले आफ्नो फोटो, दस्तखत, औँठा छाप (दाँया/बाँया) र नागरिकताको प्रमाणपत्रको अगाडी/पछाडीको भाग JPG Format मा अपलोड गर्नु पर्नेछ।

**८. दरखास्त दर्ता तथा दस्तुर (राजस्व) बुझाउने विधिः-**

- नेपाल प्रहरीको अनलाईन दरखास्त पोर्टल https://careers.nepalpolice.gov.np मा गई Registration प्रकृया पुरा गरी प्राप्त Username र Password द्वारा Login गरेर आवश्यक सम्पूर्ण विवरण भरी तथा आवश्यक कागजातहरूको स्पष्ट देखिने Scanned Copy Upload गरी Profile १००% पूर्ण भए पश्चात आवेदन Submit गर्नु पर्नेछ।
- Online दरखास्त फाराम Submit गरे पछि प्राप्त हुने Application Id अनुरूप बुझाउनु पर्ने दरखास्त दस्तुर Online प्रणालीबाट महालेखाको Portal मा गई Connect IPS, e-Sewa वा Khalti मार्फत बुझाउन सकिनेछ। Offline प्रणालीबाट भुक्तानी गर्दा EBP Code सहितको भौचर download गरी दरखास्त संकलन केन्द्र अनुसारको राजस्व खाता भएको सम्बन्धित बैंकमा गई भुक्तानी गर्न सकिनेछ।

**९. परीक्षा विधिः-**

- प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण,
- लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**),
  - ❖ वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरीने व्यहोरा जानकारी गराईन्छ।
  - ❖ वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
- विशेष स्वास्थ्य परीक्षण,
- प्रयोगात्मक परीक्षा (पाठ्यक्रममा उल्लेख भएका पदहरूको मात्र हुने)
- अन्तरवार्ता ।

**१०. परीक्षा संचालन हुने स्थानः-**

- प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौमा र प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षा नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौमा संचालन हुने।

**११. सम्पर्क मिति तथा स्थानः-** मिति २०८०/०९/१७ गते **प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण** सम्बन्धी सूचना नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा राखिने व्यहोरा सम्बन्धित उम्मेदवारहरुलाई सूचित गरिन्छ।

**१२. विज्ञापन सम्बन्धी विशेष सूचनाः-** सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।
२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।
३. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ।
४. Online दरखास्त पेश गर्दा आवश्यक प्रमाणपत्रहरुको Scanned Copy अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। साथै पेश भएका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।
५. तोकिएको म्याद भित्र दाखिला नभएका वा शर्त पुरा नभएका वा रीत नपुगी भरिएका वा दरखास्त दस्तुर नबुझाएका दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।
६. तोकिएको शर्त पुरा नभई दरखास्त अस्वीकृत भएमा दरखास्त दस्तुर फिर्ता हुने छैन्।
७. अन्तरवार्ता दिन आउँदा उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने भनि उल्लेख गरिएका आवश्यक प्रमाणपत्र/कागजातहरूको सक्कल सहित आफैले '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनि प्रमाणित गरेको प्रतिलिपि समेत अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
८. Online दरखास्त दिने सम्बन्धी जानकारी मूलक Tutorial Video नेपाल प्रहरीको आधिकारिक YouTube Channel मा हेर्न सकिनेछ।

९. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ।

१०. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा नेपाल प्रहरीको टेलिफोन नं.०१-४४११२१० मा सम्पर्क गरी वा Email: *ormscareer@nepalpolice.gov.np* बुझन सकिनेछ।

**मिति:- २०८०/०७/१७ गते।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा,
भर्ना छनौट शाखा
नक्साल, काठमाण्डौ।